


वर्ष ४५ अंक ३ मङ्सिर २०७७ नोभेम्बर-डिसेम्बर २०२०

# गभर्नर अधिकारी WBGS/IMF को संयुक्त बैठकमा सहभागी




imf.org

गभर्नर महाप्रसाद अधिकारी अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक समूहको संयुक्त वार्षिक बैठकमा सहभागी हुनुभयो । गभर्नर अधिकारीले सन् २०२० अक्टोबर १२ देखि १८ सम्म वेबिनारमार्फत आयोजित वार्षिक बैठकमा सहभागिता जनाउनुभएको हो ।


सो अवसरमा गभर्नर अधिकारीले अक्टोबर १३ मा अन्तर्राष्ट्रिय मुद्रा कोषका उप-प्रबन्ध निर्देशक ताओ झाङसँग कोभिड-१९ का कारण नेपालको अर्थतन्त्र र वित्तीय क्षेत्रमा परेको असर एवम् त्यसको न्यूनीकरणका निम्ति अवलम्बन गरिएका नीतिगत व्यवस्थाका विषयमा छलफल गर्नुभयो । साथै, कोषले नेपालको विकास प्रक्रियामा गरेको आर्थिक तथा प्राविधिक सहयोगबाट पुगेको योगदानको विषयमा समेत उहाँले चर्चा गर्नुभयो । सोही दिन उहाँले अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) को एसिया प्यासिफिक क्षेत्रका भाइस प्रेसिडेन्ट अल्फान्सो गार्सिया मोरासँगसमेत छलफल गर्नुभयो । सो अवसरमा भाइस प्रेसिडेन्ट मोराले नेपालको वित्तीय क्षेत्रको संस्थागत पुनर्संरचना, वित्तीय क्षमताको अभिवृद्धि, जलविद्युत् क्षेत्रमा लगानी, स्वदेशी मुद्रामा बण्ड जारी गर्नेलगायतका विषयमा चासो प्रकट गर्नुभएको थियो ।

अक्टोबर १५ मा आयोजित प्लेनरी सेसन र 'टोरन्टो सेन्टर राउण्ड टेबल छलफल'मा समेत गभर्नर अधिकारीले सहभागिता जनाउनुभयो । यसै गरी, उहाँले अक्टोबर १६ को भर्चुअल साइड बैठकमा कोषका साउथ इस्ट एसिया भोटिङ ग्रुपका कार्यकारी निर्देशक एलिसरा महासन्दना र वैकल्पिक कार्यकारी निर्देशक केङ हेङ टानलाई विश्वव्यापी महामारीको रूपमा देखिएको कोभिड-१९ का कारण नेपालको आर्थिक स्थिति र मानव स्वास्थ्यमा परेको असरबारे जानकारी गराउनुभयो ।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले अन्तर्राष्ट्रिय मुद्रा कोषको मौद्रिक तथा पुँजी बजार विभागका अधिकारीहरूसँगको भर्चुअल बैठकमा मौद्रिक एवम् वित्तीय क्षेत्रमा आवश्यक पर्न सक्ने प्राविधिक सहयोगका विषयमा छलफल गर्नुभएको थियो ।

विभिन्न बैठकका क्रममा द्विपक्षीय हित प्रवर्द्धन, आर्थिक तथा प्राविधिक सहयोगका क्षेत्रहरू, कोभिड-१९ का कारण नेपालको वित्तीय क्षेत्रमा परेको असर र त्यसको न्यूनीकरणका निम्ति लिइएका नीतिगत व्यवस्थाका विषयमा विस्तृत छलफल भएको थियो । वार्षिक बैठकमा गभर्नरको कार्यालयका का.मु. निर्देशक नारायणप्रसाद पोखेल र उप-निर्देशक डम्बर सुवेदीको समेत सहभागिता थियो ।

# मौद्रिक नीतिको कार्यान्वयन र समसामयिक आर्थिक गतिविधिसम्बन्धी अन्तरक्रिया




आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको कार्यान्वयन अवस्था र समसामयिक आर्थिक गतिविधिका सम्बन्धमा २०७७ कात्तिक १७ गते नेपाल राष्ट्र बैंकले अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा आर्थिक अनुसन्धान विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा वेबिनारमार्फत संयुक्त रूपमा उक्त अन्तरक्रिया आयोजना गरिएको हो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर अधिकारीले कोभिड-१९ बाट शिथिल बनेको अर्थतन्त्रलाई पुनर्जीवन दिने गरी राष्ट्र बैंकले उदार र राहतमुखी मौद्रिक नीति जारी गरेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा सहयोग गरिदिन बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीहरूसँग आग्रह गर्नुभयो । साथै, यो वर्ष व्यावसायीलाई राहतस्वरूप दुई खर्ब रुपैयाँको पुनरकर्जा सुविधा र २० प्रतिशतसम्म अतिरिक्त कर्जा सुविधा पाउने व्यवस्था मिलाइएको स्मरण गराउँदै गभर्नर अधिकारीले यस्तो सुविधाको उपयोग गर्न व्यवसायीहरूसँग अनुरोध गर्नुभयो । उहाँले भन्नुभयो, “आफ्नो नजिकैको वित्तीय संस्थामा पुगेर हामीले दिएको नीतिगत सहुलियतको सुविधा लिइदिनुस् । तपाईंहरूले लिइदिनुभएन भने हामीले ल्याएको नीतिको औचित्य रहँदैन ।” ७५३ वटै स्थानीय तहमा पुनरकर्जा सुविधा पुर्‍याउनका निम्ति राष्ट्र बैंक प्रतिबद्ध रहेको गभर्नर अधिकारीले प्रष्ट पार्नुभयो । नेपाल राष्ट्र बैंकले जारी गरेका नीतिगत व्यवस्था बमोजिम सहुलियत/सुविधा नपाइएमा बैंकको गुनासो व्यवस्थापन इकाईमा आफ्नो गुनासो राखिदिन उहाँले अनुरोध गर्नुभयो ।

कोभिड महामारीका कारण उद्योग/व्यवसाय शिथिल बनेको अवस्थामा ऋणीलाई कालो सूचीमा राख्ने, धितो लिलाम गर्ने जस्ता कार्य नगर्न गभर्नर अधिकारीले बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “कोभिडबाट प्रभावित व्यवसायी/ऋणीलाई कालोसूचीमा राख्न र धितो लिलाम नगर्न हामीले निर्देशन दिएका छौं । त्यसको कार्यान्वयन गरिदिनुस् ।” साँवा/ब्याज भुक्तानी लिँदा बैंकहरूले ग्राहकको अवस्था हेरेर व्यवहार गर्नुपर्ने उहाँको भनाइ थियो । “कसैले कमाएका छन् भने कसेर भुक्तानी लिनुस्, नकमाउनेसँग कसेर नलिइदिनुस् ।” उहाँले भन्नुभयो । कोभिड महामारीका कारण बैंक तथा वित्तीय संस्थामाथि परेको कठिनाइलाई सम्बोधन गर्न राष्ट्र बैंक तयार रहेको धारणा उहाँले राख्नुभयो ।

वेबिनारमा अर्थ मन्त्रालयका सचिव एवम् नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्य शिशिरकुमार ढुङ्गानाले कोभिडका कारण प्रभावित उद्योग व्यवसायको पुनरुत्थानको निम्ति सरकारले बजेटमार्फत विभिन्न नीगिगत सहुलियत ल्याएको जानकारी दिनुभयो । शिथिल बनेको अर्थतन्त्रलाई पुनर्जीवन दिन सरकार, राष्ट्र बैंक, वित्तीय संस्था र उद्योगी व्यवसायीहरू सहकार्य गरेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । सो अवसरमा अर्थ मन्त्रीका आर्थिक सल्लाहकार डा. प्रकाशकुमार श्रेष्ठ, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव डा. नारायणप्रसाद रेग्मीले अर्थतन्त्र र उद्योग/व्यापार क्षेत्रलाई गतिशील तुल्याउने विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, विभिन्न जिल्लास्थित उद्योग वाणिज्य संघका प्रतिनिधि, नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल एजेन्ट्स, होटल एसोसिएसन अफ नेपाल र प्यासिफिक एसिया ट्राभल एसोसिएन नेपाल, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत प्रयासका कारण अर्थतन्त्र गम्भीर दुर्घटनामा पर्नबाट जोगिएको धारणा राख्नुभयो । कार्यक्रममा सहभागी अन्य उद्योगी/व्यवसायीले कोभिड प्रभावित व्यवसायको निम्ति राष्ट्र बैंकबाट जारी भएको नीतिगत सहुलियत उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाले बेवास्ता गरेको गुनासो राखेका थिए । खासगरी पुनरकर्जा र सहुलियतपूर्ण कर्जाको सुविधा सहज रूपमा नपाइएको, तोकिएको ब्याज छुट नपाएको, ब्याजदर नघटेको भन्दै उनीहरूले राष्ट्र बैंकको ध्यानाकर्षण गराएका थिए । वित्तीय संस्थाहरू सेवामुखी नभएर व्यापारमुखी बन्दै गएको गुनासो उद्योगी/व्यवायीहरूको थियो ।

वेबिनारमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले राष्ट्र बैंकले जारी


गरेका नीतिगत व्यवस्थाको कार्यान्वयनका निम्ति आफूहरू प्रतिबद्ध रहेको धारणा राखेका थिए । नेपाल बैंकर्स एसोसिएनका अध्यक्ष भुवनकुमार दाहालले राष्ट्र बैंक र उद्योगी/व्यवसायीसँग हातेमालो गरेर अघि बढ्न वित्तीय क्षेत्र तयार गरेको बताउनुभयो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले कोभिड-१९ का कारण अर्थतन्त्रमा परेको असर न्यूनीकरणका निम्ति नेपाल राष्ट्र राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत र कार्यगत विभिन्न पक्षबारे जानकारी दिनुभयो । कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्य राख्दै मुलुकको अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी परिसूचकबारे जानकारी दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठसँगै बैंकका विभिन्न विभागका अधिकारीहरूको समेत सहभागिता थियो ।

# गभर्नर अधिकारी G-24/AFI Policymakers' Roundtable बैठकमा सहभागी

गभर्नर महाप्रसाद अधिकारी २०७७ कात्तिक ३ गते "G-24/AFI Policymakers' Roundtable Alliance for Financial Inclusion (AFI)" विषयक भर्चुअल बैठकमा सहभागी हुनुभयो । Alliance for Financial Inclusion (AFI)/G-24 द्वारा संयुक्त रूपमा उक्त भर्चुअल बैठक आयोजना गरिएको हो । बैठकमा स्वागत मन्तव्य राख्दै Alliance for Financial Inclusion (AFI) को सञ्चालक समितिका सदस्यसमेत रहनुभएका गभर्नर अधिकारीले कोभिडबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानको निम्ति AFI / G-24 सदस्य राष्ट्रका सरकार र केन्द्रीय बैंकहरू केन्द्रित हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । खासगरी साना तथा मझौला उद्यम/व्यवसायको पुनरुत्थानको निम्ति स्रोतको व्यवस्थापन, नीतिगत तथा नियामकीय सहुलियत, विद्युतीय बैंकिङ प्रणालीको प्रवर्द्धनका निम्ति




केन्द्रित हुनुपर्ने उहाँको धारणा थियो । साथै, गभर्नर अधिकारीले कोभिड संक्रमणको विषम परिस्थितिलाई विद्युतीय भुक्तानी प्रणाली र ई-कमर्स प्रवर्द्धनको अवसरका रूपमा लिइनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, “डिजिटल बैंकिङको प्रवर्द्धनबाट युवा पुस्ताको रोजगारी प्रवर्द्धन र उद्यमशीलताको विकासमा टेवा पुग्न सक्छ ।”

सो अवसरमा स्टेट बैंक अफ पाकिस्तानका गभर्नर डा. रेजा बकिरले कोभिड संक्रमणको परिस्थितिमा तरलता सिर्जना, नीतिगत दरको कटौती, पुनरकर्जा सुविधा, नीतिगत सहुलियतका लागि आफ्नो बैंकले अवलम्बन गरेका अभ्यासबारे चर्चा गर्नुभयो ।

उक्त बैठकमा सहभागीहरूबीच कोभिड-१९ का कारण अर्थतन्त्रमा परेको असरको न्यूनीकरणका निम्ति अवलम्बन गरिएका नीतिगत प्रयास र युवा पुस्ताको वित्तीय समावेशीकरणका विषयमा छलफल भएको थियो । साथै, कोभिड संक्रमणको परिस्थितिमा अर्थतन्त्रको पुनरुन्थानका निम्ति आ-आफ्नो मुलुकमा अवलम्बन गरिएका नीतिगत अभ्यासबारेमा समेत सहभागीहरूबीच छलफल भएको थियो । साथै, आर्थिक वृद्धि र विकासमा युवा पुस्ताको भूमिका र विद्युतीय वित्तीय साक्षरतामार्फत वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा समेत सहभागीहरूबीच छलफल भएको थियो ।

भर्चुअल बैठकमा AFI का कार्यकारी निर्देशक Dr. Alfred Hannig, नीति विश्लेषण निर्देशक Robin Newnham, संयुक्त राष्ट्र संघका महासचिवका दूत Jayathma Wickramnayake, बैंक अफ घानाका डेपुटी गभर्नर Maxwell Opoku-Afari, G-24 सचिवालयका निर्देशक Marilou Uy लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

उक्त भर्चुअल बैठकमा नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नर अधिकारीसँगै गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ, गभर्नरको कार्यालयका का.मु.निर्देशक नारायणप्रसाद पोखेलगायतको सहभागिता थियो ।

# वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुसँग अन्तरक्रिया

नेपाल राष्ट्र बैंकले २०७७ कात्तिक २६ गते 'क' वर्गका इजाजतपत्रप्राप्त वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग समसामयिक बैंकिङ सरोकारका विषयमा केन्द्रित रहेर अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा बैंक तथा वित्तीय संस्था नियमन विभागले भर्चुअल माध्यमबाट उक्त अन्तरक्रिया आयोजना गरेको हो । कार्यक्रममा २७ वटै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता थियो । बैंकहरूमा रहेको तरलताको अवस्था र सोको व्यवस्थापन, पुनरकर्जा एवम् सहुलियतपूर्ण कर्जाको कार्यान्वयनको विषयमा उक्त अन्तरक्रिया केन्द्रित थियो ।

सो अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले वाणिज्य बैंकहरूबाट पुनरकर्जा र सहुलियतपूर्ण कर्जासम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएको उल्लेख गर्दै नेपाल राष्ट्र बैंकले दिएका नीतिगत निर्देशनको अक्षरशः पालना गर्न प्रमुख कार्यकारी अधिकृतहरूलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "पुनरकर्जा र सहुलियतपूर्ण कर्जाको अपेक्षित रूपमा कार्यान्वयन भएको पाइएन । राष्ट्र बैंकको निर्देशनलाई अटेर गरिएको हो कि, तपाईंहरूको क्षमता नपुगेर हो ?"

राष्ट्र बैंकको निर्देशनलाई हलुका रूपमा नलिन आग्रह गर्दै डेपुटी गभर्नर शिवाकोटीले कुनै पनि बहानामा बैंकको नीतिगत व्यवस्थाबाट नपन्छिन समेत प्रमुख कार्यकारी अधिकृतहरूको ध्यानाकर्षण गराउनुभयो । निरीक्षण/सुपरिवेक्षणको क्रममा नीतिगत निर्देशनको पालना नभएको पाइएमा कारवाही गरिने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा अर्का डेपुटी गभर्नर शिवराज श्रेष्ठले सहुलियतपूर्ण कर्जा नेपाल सरकारको कार्यक्रम रहेको उल्लेख गर्दै साना तथा मझौला व्यवसायीसम्म यस्तो कर्जाको पहुँच विस्तार गर्न बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको ध्यानाकर्षण गराउनु भयो । पछिल्लो समयमा बैंकहरूबीच कर्जा खोसाखोसको प्रवृत्ति देखिएको र त्यसले संस्थागत सुशासनलाई चुनौतीपूर्ण बनाएको उहाँको धारणा थियो । उहाँले भन्नुभयो, "बैंकहरूले चुस्त ढङ्गले जोखिम व्यवस्थापन गर्न आवश्यक छ । वित्तीय स्थायित्वमा असर पर्ने कुनै पनि कुरामा सम्झौता नगर्नुस् ।"

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले आ-आफ्नो बैंकको तरलताको अवस्था, पुनरकर्जा र सहुलियतपूर्ण कर्जा कार्यान्वयनको अवस्थाबारे जानकारी गराउनुभएको थियो ।

# गभर्नर अधिकारी सार्क फाइनान्स ग्रुप मिटिङमा सहभागी

गभर्नर महाप्रसाद अधिकारी रिजर्व बैंक अफ इण्डियाद्वारा २०७७ कात्तिक १९ गते सार्क मुलुकका केन्द्रीय बैंकका गभर्नर हरूको सहभागितामा आयोजित '40th SAARCFINANCE Group Meeting' विषयक वेबिनारमा सहभागी हुनुभयो ।

सन् २०२० को निम्ति सार्क फाइनान्सको अध्यक्षको हैसियतमा रिजर्व बैंक अफ इण्डियाले उक्त मिटिङ आयोजना गरेको हो । उक्त मिटिङमा सार्क मुलुकका अन्य केन्द्रीय बैंकहरू दा अफगानिस्तान बैंक, बंगलादेश बैंक, रोयल मनिटरी अथोरिटी अफ भुटान, रिजर्व बैंक अफ इण्डिया, माल्दीभ्स मनिटरी अथोरिटी, स्टेट बैंक अफ पाकिस्तान र सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर, डेपुटी गभर्नर र अन्य विशिष्ट अधिकारीहरूको सहभागिता रहेको थियो ।

सो अवसरमा रिजर्व बैंक अफ इण्डियाका गभर्नर शक्तिकान्त दासले स्वागत मन्तव्य राख्दै कोभिड-१९ को प्रभाव न्यूनीकरणका लागि कूल गार्हस्थ्य उत्पादनको १० प्रतिशत बराबरको राहत सुविधा उपलब्ध गराएको जानकारी दिनुभयो । साथै उहाँले रिजर्व बैंक अफ इण्डियाले अवलम्बन गरेको नीतिगत व्यवस्था, समग्र आर्थिक परिसूचक एवम् वित्तीय अवस्थाका विषयबारे समेत उहाँले जानकारी दिनुभएको थियो ।

सो अवसरमा गभर्नर अधिकारीले कोभिड-१९ का कारण नेपालको अर्थतन्त्र र वित्तीय क्षेत्रमा परेको असर र त्यसलाई सम्बोधन गर्न अवलम्बन गरिएका नीतिगत व्यवस्थाबारे जानकारी गराउनुभएको थियो । पुनरकर्जाको सीमा वृद्धि, कर्जा वर्गीकरण र प्रोभिजनिङ व्यवस्था, थप चालू पुँजी कर्जाको व्यवस्था, कर्जाको पुनर्तालिकीकरण/पुनर्संरचना लगायतका विषयमा राष्ट्र बैंकले कार्यान्वयनमा ल्याएका नीतिगत व्यवस्थाबारे उहाँले जानकारी गराउनुभयो । साथै, गभर्नर अधिकारीले सार्क फाइनान्स अन्तर्गतका केन्द्रीय बैंकहरूले साझा विद्युतीय मुद्राको कार्यान्वयनको सम्भाव्यता अध्ययन गर्नुपर्ने सुझावसमेत दिनुभयो ।

भर्चुअल मिटिङमा सार्क राष्ट्रका गभर्नरहरूले कोभिड-१९ को असर र त्यसको न्यूनीकरणका निम्ति आफ्नो मुलुकका सरकार र केन्द्रीय बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाका विषयमा चर्चा गर्नुभयो । सो मिटिङमा नेपाल राष्ट्र बैंकका तर्फबाट गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्के, का.मु.निर्देशक एवम् सार्कफाइनान्स संयोजक नारायणप्रसाद पोखेलसहित अन्य अधिकारीहरूको सहभागिता थियो ।

# कोभिड १९ः विप्रेषण आप्रवाहको परिदृश्य



✍ टीकाराम तिमिल्सिना,
सहायक निर्देशक,
नेपाल राष्ट्र बैंक

कोभिड-१९ सँगै सिर्जित स्वास्थ्य तथा आर्थिक सङ्कटले विश्व अर्थतन्त्र नराम्रोसँग प्रभावित भएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२० मा विश्व अर्थतन्त्र ४.४ प्रतिशतले सङ्कुचित हुने प्रक्षेपण गरेको छ । कोषले अधिकांश नेपाली श्रमिकहरू रहेका मध्यपूर्व र सेन्ट्रल एसियाका देशहरू लगायत दक्षिणी छिमेकी मुलुक भारतसमेतको आर्थिक वृद्धिदर ऋणात्मक हुने प्रक्षेपण गरेको छ। कोभिड-१९ को खोप विकास विभिन्न चरणमा रहेको भनिए तापनि सर्वसुलभ रूपमा उपलब्ध भइनसकेको सन्दर्भमा यसबाट सिर्जित आर्थिक असर कति हदसम्म जाने हो भन्ने अन्यौल कायमै छ ।

न्यून तथा मध्यम आय भएका मुलुकका लागि विप्रेषण वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोतका रूपमा रहेको छ। नेपाल कुल गार्हस्थ्य उत्पादनसँग विप्रेषणको अनुपात उच्च हुने देशहरूमध्ये विश्वमै चौथो स्थानमा पर्दछ । विप्रेषण प्राप्त गर्ने घरपरिवारले यसलाई उपभोग र बचत, स्वास्थ्य तथा शिक्षा, कर्जा तिर्न साथै स्वरोजगारलगायतका कार्यमा प्रयोग गर्दछन् । सरकारले यसै आम्दानीबाट हुने खर्चमा उपभोग कर उठाउने र सो आम्दानी सार्वजनिक वस्तु तथा सेवा प्रवाहमा खर्च गर्ने, कर्जा तिर्न तथा सङ्कटमा खर्च गर्ने प्रयोजनका लागि वैदेशिक मुद्राको बफर सिर्जना गर्दछ ।

कोभिड-१९ सङ्कटका कारण सन् २०२० मा विप्रेषण आप्रवाह अत्यन्तै प्रभावित हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक तथा एसियाली विकास बैंकलगायतका अन्तराष्ट्रिय संस्थाले गरेका छन् । यसले घरपरिवारको आर्थिक गतिविधि तथा सरकारको समग्र खर्च तथा आम्दानीमा समेत नकारात्मक प्रभाव पर्ने आँकलन गर्न सकिन्छ । यस्तो सङ्कटका बीच पनि केही देशहरूले सकारात्मक विप्रेषण आप्रवाहको तथ्याङ्क सार्वजनिक गरेका छन् । नेपालको विप्रेषण आप्रवाहमा समेत कोभिड-१९ को प्रभाव हालसम्म अनुमान गरिएअनुसार परेको छैन। यस लेखमा नेपालसहित यस्तै अपवाद देखिएका केही मुलुक, त्यसका सम्भावित कारणहरू र विप्रेषण आप्रवाहमा कमी आउँदा अर्थतन्त्रमा पर्न सक्ने नकारात्मक असरलाई संक्षिप्त रूपमा विश्लेषण गरिएको छ ।

पाकिस्तानले २०२० जुलाईमा २.७ अर्ब यूएस डलर विप्रेषण प्राप्त गरेको थियो । यो २०२० जुन महिनाको भन्दा १२ प्रतिशतको वृद्धि हो। वार्षिक बिन्दुगत आधारमा वृद्धि ३६.५ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको छ। यस प्रकारको वृद्धिलाई पाकिस्तानले डिजिटल प्रविधिको विकास, अन्तराष्ट्रिय उडानमा लागेको प्रतिबन्धले हज यात्रामा पुगेको व्यवधान तथा नीतिगत परिवर्तनलाई मुख्य आधार मानेको छ । पाकिस्तानको केन्द्रीय बैंकले विप्रेषणको न्यूनतम सीमा २०० युएसडीलाई घटाएर १०० युएसडी कायम गरेको छ। यसै गरी मेक्सिकोले जुलाई २०२० मा ७.० प्रतिशतको वार्षिक विन्दुगत वृद्धि सार्वजनिक गरेको छ। यस्तो वृद्धिका पछाडि संयुक्त राज्य अमेरिकाको कोभिड प्याकेज वैदेशिक कामदारसमक्ष समेत पुग्नु तथा रोजगारीका लागि कामदारहरू काम उपलब्ध हुने जुनसुकै स्थानमा पुग्नुलाई मानिएको छ।

नेपालले जुलाई २०२० मा ७.५ अर्ब युएसडी विप्रेषण प्राप्त गरेको थियो। यो रकम सन् २०१९ को सोही अवधिको तुलनामा जम्मा ३.३ प्रतिशतले मात्र कमी हो । त्यसै गरी आर्थिक वर्ष २०७७/७८ को दोस्रो महिनामा नेपालको विप्रेषण आप्रवाह १.३९ अर्ब युएसडी रहेको छ। जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले बढी हो। आयातमा आएको सङ्कुचन, विप्रेषणमा देखिएको सुधारलगायतका कारणले सोधनान्तर बचतमा रहेको छ । वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकले बैंकिङ माध्यमबाट रकम नेपाल पठाउनु, आफूसँग भएको रकम घरखर्च चलाउन नेपाल पठाउनु, श्रमिकहरू कार्यरत देशमा उल्लेख्य मात्रामा रोजगारी कटौती नहुनु तथा नेपाल राष्ट्र बैंकले गरेको नीतिगत सहजीकरण लगायतका कारणले खासै प्रभाव परेको देखिँदैन।

तत्काल असर न्यून देखिए तापनि कोभिड-१९ प्रकोप कायम रहेमा भविष्यमा विप्रेषण आप्रवाह घट्न सक्ने र जसका कारण अर्थतन्त्रका विभिन्न पक्षहरूमा नकारात्मक असर पर्न सक्ने देखिन्छ । घरपरिवारको उपभोगमा कमी आउने, स्वास्थ्य तथा शिक्षामा हुने खर्च कटौती हुने, कर्जाको मात्रा बढ्ने तथा बेरोजगारी र अर्ध बेरोजगारी बढ्न सक्ने हुन्छ। सरकारको उपभोग कर सङ्कलनमा कमी आउने, जनस्वास्थ्य खर्च बढ्ने तथा सरकारी ऋणको मात्रा बढ्ने जस्ता समस्याहरू देखा पर्दछन् । त्यसै गरी वित्तीय तथा निजी क्षेत्रतर्फको बचतमा कमी आउने, बैंकहरूको कर्जा प्रवाहमा समस्या उत्पन्न हुने, स्रोतको लागत बढ्ने तथा बैंकको पुँजी र वासलातमा नकारात्मक असर पर्न सक्नेछ । अधिकांश न्यून तथा मध्यम आय भएका देशमा स्थिर विनिमय दर भएको हुँदा मुद्रा अवमूल्यन हुने, आयातको लागत बढ्ने साथै कोभिडका कारण निर्यात प्रभावित हुन सक्ने देखिन्छ । श्रम बजारमा बेरोजगारी बढ्ने, महिलाहरू झनै प्रताडित हुनुपर्ने, सामाजिक सुरक्षा खर्च बढ्ने, मानिसहरूमा विभिन्न किसिमका मानसिक समस्या देखा परी सामाजिक अमनचयनमा समेत प्रभाव पर्न सक्छ ।

यसअघिका विभिन्न स्वास्थ्य तथा आर्थिक सङ्कटहरू भन्दा सघन रूपमा देखा परेको कोभिड-१९ को प्रकोपसँग विश्व नै जुधिरहेको यस परिस्थितिमा न्यून आय भएका नेपालजस्ता मुलुकहरूका लागि आगामी दिनहरू निकै चुनौतीपूर्ण रहेका छन् । विप्रेषण आप्रवाह घट्न सक्ने तथा वैदेशिक रोजगारीमा गएका श्रमिकहरू स्वदेश फर्कन सक्ने सम्भावनालाई मध्यनजर गरी सरकार र केन्द्रीय बैंकले मित्र राष्ट्र तथा विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायसँग समन्वय गरी उपयुक्त अर्थनीतिको प्रभावकारी कार्यान्वयनबाट नै यस सङ्कटको असरलाई न्यूनीकरण गर्न सक्नेछन् ।

# भुक्तानी प्रणालीको विकास र आगामी मार्गचित्र



सौरभ पोखरेल
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

नेपालमा भुक्तानीको इतिहासको चर्चा गर्दा सरकारी कारोबारको भुक्तानीका लागि पृथ्वीनारायण शाहले कौशीतोसा खाना स्थापना गरेबाट सुरु हुन्छ । व्यवस्थित रूपमा भने नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा यस बैंकको उद्देश्यमा 'सुरक्षित, स्वस्थ तथा सुक्ष्म भुक्तानी प्रणालीको विकास गर्ने' भनी उल्लेख भएपश्चात् भुक्तानी प्रणालीको विकासका लागि अझै ठोस प्रयास भएको मान्नु पर्दछ । यसरी हेर्दा नेपालमा भुक्तानी प्रणालीको विकासका लागि भएका प्रयासको इतिहास धेरै लामो देखिँदैन । यद्यपि, करिब दुई दशकको अवधिमा नै यस क्षेत्रमा नेपालले हासिल गरेको उपलब्धि भने उल्लेखनीय मान्नुपर्दछ ।

कौशीतोसा खाना स्थापना भए यता Instant Payments को युगसम्म आइपुग्दा भुक्तानी प्रणालीको विकासक्रममा नेपाल बैंक लिमिटेड र केन्द्रीय बैंकको स्थापनाका साथै विभिन्न बैंक तथा वित्तीय संस्थाहरू र निजी क्षेत्रको लगानीमा स्थापना भएका भुक्तानी सेवा प्रदायक र भुक्तानी सेवा सञ्चालकले यस क्षेत्रमा नवीनतम सेवाको विकासका लागि गरेको लगानीसमेतको ठूलो भूमिका रहेको पाइन्छ ।

नगद भुक्तानीको सट्टा चेकबाट हुने भुक्तानीप्रति सर्वसाधारणको विश्वास र चेकबाट हुने भुक्तानीलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंकबाट सुरु गरिएको क्लियरिङ हाउसको महत्वपूर्ण भूमिका रहेको थियो । डिजिटल भुक्तानीको क्षेत्रमा सन् १९९० मा नबिल बैंक लिमिटेडले पहिलो पटक ल्याएको क्रेडिट कार्ड, सन् २००२ मा कुमारी बैंक लिमिटेडले सुरु गरेको इन्टरनेट बैंकिङ, सन् २००४ मा लक्ष्मी बैंक लिमिटेडले सुरु गरेको एसएमएस बैंकिङ तथा हिमालयन बैंक लिमिटेडले सन् १९९५ मा सुरु गरेको एटीएम मेसिन कोसे ढुङ्गाको रूपमा सावित भए । चेक क्लियरिङलाई डिजिटलाइज र आधुनिकीकरण गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक तथा विभिन्न बैंक तथा वित्तीय संस्थाको लगानीमा सन् २००८ मा स्थापना भएको नेपाल क्लियरिङ हाउस लिमिटेडले चेक क्लियरिङलाई स्वचालित गर्नुका अलवा अन्तरबैंक ट्रान्सफर तथा विभिन्न सेवाको भुक्तानीका लागि प्लेटफर्मको रूपमा समेत कार्य गरेर भुक्तानी प्रणाली सञ्चालकको रूपमा उल्लेखनीय कार्य गरिरहेको सर्वविदितै छ । त्यस्तै विभिन्न भुक्तानी सेवा प्रदायकले वालेट सञ्चालन गरेर तथा बैंक तथा वित्तीय संस्थाले इन्टरनेट तथा मोबाइल बैंकिङ एप्लिकेसनमार्फत उपभोग्य वस्तु तथा सेवा खरिद गर्न प्रदान गरेको सुविधाले खुद्रा भुक्तानीको क्षेत्रमा उल्लेखनीय सुधार भएको छ भने ठूलो परिमाणको रकम भुक्तानीको क्षेत्रमा नेपाल राष्ट्र बैंकले गत वर्षदेखि सञ्चालनमा ल्याएको आरटीजीएस प्रणालीले उल्लेख्य योगदान दिएको छ ।

**भुक्तानी प्रणालीको विकासका लागि भएका नीतिगत प्रयासहरू**

केन्द्रीय बैंकहरूको वित्तीय र मौद्रिक स्थायित्वको उद्देश्य प्राप्तिलाई सहयोग गर्ने लक्ष्यसहित स्थापना भएको अन्तर्राष्ट्रिय संस्था ब्याङ्क फर इन्टरनेशनल सेटलमेन्टस् (बीआईएस) का अनुसार सबै देशका केन्द्रीय बैंकहरूको भुक्तानी तथा फछ्र्यौट प्रणालीमा चासो रहनुका पछाडि देहायबमोजिमका कारणहरू रहेका हुन्छन् :

- मुद्रालाई विनिमयको माध्यमको रूपमा हुने प्रयोगप्रति जनताको भरोसा रक्षा गर्न,
- अर्थव्यवस्थामा वित्तीय स्थिरता कायम राख्न,
- मौद्रिक नीति फ्रेमवर्कको कुशल र प्रभावकारी कार्यान्वयन गर्न ।

उपर्युक्त कारणका अतिरिक्त नेपाल राष्ट्र बैंक ऐनमा निर्दिष्ट भएका उद्देश्य प्राप्तिका लागि नेपाल राष्ट्र बैंकले विगत केही वर्षमा देहाय बमोजिम नीतिगत व्यवस्था गरेको छ ।

- "Nepal Payment System Development Strategy",
- भुक्तानी प्रणाली विभागको स्थापना,
- भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३,
- भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५,
- भुक्तानी तथा फर्छ्यौट विनियमावली, २०७७,
- भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन,
- Payment Systems Oversight Framework, 2018,
- Retail Payment Strategy, 2019,
- नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना, २०१७-२१ मा भुक्तानी प्रणालीको विकासलाई रणनीतिक खम्बाको रूपमा महत्वका साथ राखिएको र सोको विकासका लागि विस्तृत कार्ययोजना बनेको ।

नेपाल राष्ट्र बैंकको प्रयास, बैंक तथा वित्तीय संस्थाको साथ र निजी क्षेत्रसमेतको सक्रियतामा नेपालमा विस्तारै भुक्तानी प्रणालीको विकास भई नगदको विकल्पको रूपमा विद्युतीय भुक्तानी माध्यमको प्रयोग उल्लेख्य रूपमा बढिरहेको छ । भुक्तानी प्रणालीको विकास र नवीन प्रविधिमा आधारित बैंकिङले गर्दा वित्तीय समावेशितामा समेत योगदान पुगेको देहायका तथ्याङ्कहरूले पुष्टि गर्दछ :

| क्र.सं. | परिसूचक | २०७३ असार | २०७७ असार |
|---|---|---|---|
| १. | निक्षेप खाता संख्या | १,६८,३६,०१७ | ३,२४,५४,२०४ |
| २. | कर्जा खाता संख्या | १०,९६,५७० | १,५४४,०५९ |
| ३. | शाखारहित बैंकिङ सेवा केन्द्र | ८१२ | १,५७४ |
| ४. | शाखारहित बैंकिङ सेवा केन्द्रका ग्राहक संख्या | २,१३,०८४ | १,९३,६०७ |
| ५. | मोबाइल बैंकिङको ग्राहक संख्या | १७,५४,५६६ | १,१३,०६,७९७ |
| ६. | इन्टरनेट बैंकिङको ग्राहक संख्या | ५,१५,४६५ | १०,३१,२२७ |
| ७. | एटीएमको संख्या | १,९०८ | ४,१०६ |
| ८. | एटीएम संख्याप्रति एक लाख जनसंख्या | ७ | १४ |
| ९. | डेबिट कार्ड जारी भएको संख्या | ४६,५७,१२५ | ७३,२९,२०२ |
| १०. | क्रेडिट कार्ड जारी भएको संख्या | ५२०१४ | १,६०,२९७ |

स्रोतः नेपाल राष्ट्र बैंक

**आगामी मार्गचित्रः**

Covid-19 महामारी पश्चात् less cash society को अवधारणा झनै बलियो हुँदै गएको सन्दर्भमा एकातिर विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारलाई प्रोत्साहित गर्नुपर्नेछ भने अर्कोतिर विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबार र त्यसका प्रयोगकर्तालाई साइबर जोखिमलगायत अन्य जोखिमबाट सुरक्षित राखी भुक्तानी प्रणालीप्रति जनविश्वास बढाउनुपर्ने जिम्मेवारी सफलताका साथ वहन गर्न देहायबमोजिमका कार्यहरू गर्न आवश्यक रहेको देखिन्छः

- विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोवार बढाउन जनस्तरमा यसबारे साक्षरता अभियान चलाउने ।
- Interoperable National Payment Switch ले स्वदेशी तथा अन्तर्राष्ट्रिय कारोवारहरूको Central Routing Engine को रूपमा कार्य गर्ने भएकोले National Payment Switch को स्थापनाका लागि आवश्यक कार्यहरू अगाडि बढाउने ।
- भुक्तानी प्रणालीको समग्र विकासका लागि Nepal Payment System Development Strategy, 2071, Retail Payment Strategy, 2019 र यस बैंकको रणनीतिक योजना २०१७-२०२१ मा तय गरिएका बाँकी कार्यहरू यथाशीघ्र अगाडि बढाउने ।
- यस बैंकबाट अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका भुक्तानी सेवाप्रदायक र भुक्तानी सेवा सञ्चालकको व्यवस्थित र सुक्ष्म निगरानी गर्ने प्रयोजनका लागि ओभरसाइट म्यानुअल र ओभरसाइट विनियमावली तयार गरी लागू गर्ने ।
- QR Code मार्फत हुने भुक्तानीको पहुँच तथा कारोवार वृद्धि गर्न एकातिर Merchant On-boarding प्रक्रियालाई सरलीकरण गर्नुपर्ने देखिन्छ भने अर्कोतिर प्रयोगकर्ताहरूको सहजताका लागि विभिन्न सेवाप्रदायकले जारी गरेका QR Code बीचको अन्तरआबद्धता सुनिश्चित गर्ने । त्यसका लागि आवश्यक QR Code Guidelines तथा QR Code Standards जारी गर्ने कार्य अगाडि बढाउने ।
- विद्युतीय माध्यममार्फत हुने भुक्तानी कारोवारप्रति जनविश्वास बढाउन विद्युतीय माध्यममार्फत हुने भुक्तानी कारोवारको लागत घटाउने, ग्राहकको हित संरक्षणका लागि उचित व्यवस्था गर्ने र यस क्षेत्रमा बढ्दो क्रममा रहेको साइबर जोखिमका साथै अन्य जोखिमहरूको न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय अनुभवसमेतको आधारमा आवश्यक नीतिगत उपायहरू अवलम्बन गर्दै जाने ।
- भुक्तानी प्रणालीको समग्र विकास तथा सुदृढीकरणका लागि अन्तर्राष्ट्रिय संस्था BIS ले प्रतिपादन गरेका सिद्धान्तहरू Principles for Financial Market Infrastructures (PFMI) को परिपालना गर्दै जाने ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विष्णुप्रसाद फुयाल
लालकुमार सुवेदी
नवीना ताम्राकार